जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ अंक : २४२ २०८२ साल चैत्र १४ गते, शनिबार Saturday, Mar.– 28 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहले लिए शपथ, नयाँ पुस्ताको नेतृत्व उदय

***पन्नालाल दास--***
***१३ चैत्र,काठमाडौं ।***

नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह ले आज पद तथा गोपनीयताको शपथ लिएका छन्। रामचन्द्र पौडेल ले शीतल निवास मा आयोजित विशेष समारोहमा उनलाई शपथ गराएका हुन्।

शुक्रबार सम्पन्न शपथ ग्रहण समारोह परम्परागत धार्मिक विधिअनुसार गरिएको थियो। कार्यक्रममा १०८ जना बटुकद्वारा स्वस्ति वाचन, १०७ जना बौद्ध लामा गुरुहरूद्वारा मंगल पाठ तथा ७ जना ब्राह्मणद्वारा शंखनाद गरिएको थियो। समारोहमा विभिन्न राजनीतिक दलका नेता, उच्च सरकारी अधिकारी, कूटनीतिक नियोगका प्रतिनिधि तथा नागरिक समाजका अगुवाहरूको उपस्थिति रहेको थियो।

प्रधानमन्त्रीको शपथसँगै मन्त्रिपरिषद्का सदस्यहरूको पनि शपथ गराउने कार्यक्रम तय गरिएको छ।

बालेन्द्र शाह हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट पहिलोपटक सांसद निर्वाचित भएका हुन्। नेपालको संविधान २०७२ को धारा ७६(१) अनुसार बहुमत प्राप्त दलका नेताको रूपमा उनी प्रधानमन्त्री नियुक्त भएका हुन्।

पेशाले सिभिल इन्जिनियरिङ अध्ययन गरेका इन्जिनियर रहेका शाह एक समय नेपाली हिप-हप क्षेत्रमा सक्रिय र्‍यापरका रूपमा





समेत परिचित थिए। सामाजिक तथा राजनीतिक विषयवस्तु उठाउने उनका गीतहरूले युवामाझ उनलाई लोकप्रिय बनाएको थियो।

उनले स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौं महानगरपालिका को मेयर चुनाव जितेर राष्ट्रिय चर्चा कमाएका थिए। मेयरका रूपमा कार्यकालका दौरान अवैध संरचना हटाउने, सुशासन प्रवर्द्धन गर्ने र प्रशासनिक सुधारका प्रयासले उनको कार्यशैली चर्चामा रह्यो।

पछि उनले मेयर पदबाट राजीनामा दिँदै राष्ट्रिय स्वतन्त्र पार्टी मा आबद्ध भई संसदीय राजनीतिमा प्रवेश गरेका हुन्। झापा क्षेत्र नं. ५ बाट उम्मेदवार बनेका उनले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली लाई उल्लेखनीय मतान्तरले पराजित गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

निर्वाचनपछि उनी रास्वपाको संसदीय दलको नेता चयन भए र छोटो समयमै देशको कार्यकारी नेतृत्व सम्हाल्ने अवसर पाए।

इन्जिनियर, र्‍यापर, मेयर हुँदै प्रधानमन्त्रीसम्मको बालेन्द्र शाह को यात्रा नेपाली राजनीतिमा नयाँ पुस्ताको उदय र वैकल्पिक नेतृत्वको संकेतका रूपमा हेरिएको छ।

## बंकुल-मटिअर्वा-कवही नाकामा तस्करी सञ्जाल सक्रिय, नयाँ सरकारबाट रोकिएला त?

***संवाहक सम्वादाता-१३चैत्र,*** कलैया बंकुल, मटिअर्वा भंसार नाका र कवही नाका केन्द्रित सीमाक्षेत्रमा पछिल्लो समय संगठित तस्करी सञ्जाल अत्यन्त सक्रिय बनेको छ। स्थानीय स्रोतका अनुसार यी नाकाबाट दैनिक रूपमा फर्मालिनयुक्त माछा, फूल, लत्ताकपडा, खाद्यान्न, काजु, किसमिस, चकलेट लगायतका सामग्री अवैध रूपमा नेपाल भित्र्याइँदै विभिन्न जिल्लामा वितरण भइरहेको छ। चिकित्सकहरूले चेतावनी दिएका छन् कि शव संरक्षणमा प्रयोग हुने फर्मालिनयुक्त माछाको सेवनले दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउन सक्छ।

यस्तै, लत्ताकपडा र अन्य उपभोग्य सामग्री पनि मटिअर्वा र कवही नाका हुँदै प्रहरीको सेटिङ वा सुरक्षा कमजोरीको फाइदा उठाउँदै अवैध रूपमा बजारमा पुगेको बताइन्छ। तस्करहरूले धर्मनगर-खौराही, बसतपुर-बरेवा पावरहाउस, र चिमनी मार्गलगायत वैकल्पिक रुट प्रयोग गरी सामान सुरक्षित रूपमा गन्तव्यसम्म पुर्‍याउने नेटवर्क निर्माण गरेका छन्। मोटरसाइकल र गाडीको प्रयोग गरी ठूलो रकमको सामान एकैपटक भित्र्याइने र मासिक असुली, बिट बुझाउने जस्ता अभ्यासले तस्करीलाई खुला बनाएको स्रोतहरूले दाबी गरेका छन्।





कलैया बजार यस सञ्जालको मुख्य केन्द्र बनेको छ, जहाँ केही पसल र गोदाममा अवैध सामान भण्डारण गरी फर्जी बिलको आवरणमा विभिन्न जिल्लामा पठाइने गरिएको छ। यसले सीमाक्षेत्रमा राज्यको उपस्थिति कमजोर भएको मात्र होइन, राजस्व चुहावट, अवैध अर्थतन्त्रको विस्तार र जनस्वास्थ्यमा गम्भीर जोखिम पनि सिर्जना गरेको छ। विशेषज्ञहरूका अनुसार पुराना सरकारको समयमा खेलान्ची बनेका यी नाकाहरूले तस्करीलाई सुरक्षित बनाएको र दण्डहीनता बढाएको हो।

प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको नेतृत्वमा नयाँ सरकार बनेपछि यो पहिलो चुनौती सीमाक्षेत्रमा तस्करी नियन्त्रण हो। बालेन सरकारले यस क्षेत्रमा उच्चस्तरीय निगरानी, खाद्य तथा उपभोग्य सामग्रीको परीक्षण, र दोषीमाथि कडा कारबाही सुनिश्चित गर्नुपर्ने बताइन्छ। स्थानीयवासी र व्यापारीहरूले तुरुन्तै कारबाही र प्रशासनिक सुधारको माग गरेका छन्। नयाँ सरकारले सीमाक्षेत्रमा आफ्नो उपस्थिति देखाउने र तस्करी नियन्त्रणमा प्रभावकारी कदम चाल्ने हो भने मात्र राज्यको क्षमता र जनविश्वासमा सुधार सम्भव हुनेछ। विज्ञहरूको भनाइ अनुसार, तस्करी रोक्न प्रणालीगत सुधार, सशस्त्र निगरानी, प्रशासनिक जिम्मेवारी स्पष्ट पार्ने र प्रहरी-सैन्य निकायबीच समन्वय सुनिश्चित गर्नु अपरिहार्य छ। यसैले बालेन सरकारको पहिलो कार्यतालिका सीमाक्षेत्रको अवैध व्यापार नियन्त्रणमा केन्द्रित हुने अपेक्षा गरिएको छ, जसले सरकारको सार्वजनिक छवि, आर्थिक सुरक्षा र जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्नेछ।

## अलौ नाका तस्करीको ...ट्रान्जिट: सई यादवको सेटिङमा अवैध सामानको ओसारपसार, बालेन सरकारको चुनौत

***संवाहक सम्वादाता-१३चैत्र,*** कलैया वीरगञ्ज महानगरपालिका अन्तर्गतको अलौ नाका पछिल्लो समय तस्करीको मुख्य ट्रान्जिट बन्दै गएको छ। भारतीय बजार रक्सौलबाट विभिन्न वस्तुहरू - कपडा, किराना, मोबाइल पार्ट्स र सुर्तीजन्य सामग्री - साइकल र मोटरसाइकल प्रयोग गरी निर्बाध रूपमा भित्रिने गरेको पाइयो।

स्थानीय स्रोत र व्यापारीहरूका अनुसार, सीमा प्रहरी चौकी ड्राइपोर्टका इन्चार्ज सई श्याम यादवले तस्करहरूसँग "सेटिङ" गरी लाइन दिएको आरोप लाग्छ। यसले सीमा सुरक्षा कमजोर भएको मात्र होइन, वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलनमा प्रत्यक्ष असर पुर्‍याएको छ।

विशेषज्ञहरूले भन्छन्, यस्तो संरचनागत भ्रष्टाचार र पहुँच प्रयोगले राज्यको ढुकुटीमा प्रत्यक्ष घाटा पुर्‍याइरहेको छ र जनमानसमा कानूनको शासनप्रति भरोसा कमजोर बनाइरहेको छ। स्थानीयबासीले उच्चस्तरीय छानबिन, खाद्य वस्तुको परीक्षण र




दोषीमाथि कडा कारबाहीको माग गरेका छन्।

यो अवस्थामा नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारले सीमा नाकामा सक्रिय तस्करी नियन्त्रण र सुरक्षा संरचनाको शुद्धीकरणमा कस्तो कदम चाल्छ भन्नेमा सबैको नजर छ। पुरानो संरचना र प्रभावशाली तस्करी सञ्जाललाई भत्काउन सरकारको राजनीतिक इच्छाशक्ति र सुरक्षा निकायसँगको समन्वय निर्णायक बन्नेछ।

विश्लेषकहरूका अनुसार, बालेन सरकारका लागि यो चुनौती केवल सीमा सुरक्षा र राजस्व संकलनको मात्र नभई, नागरिक विश्वास र सरकारी उपस्थिति सुदृढ बनाउने महत्वपूर्ण अवसर पनि हो। यदि सरकारले ठोस कदम चाल्न सकेन भने, सीमाक्षेत्रमा तस्करी जारी रहनेछ र राज्यको उपस्थिति कमजोर बन्ने खतरा कायमै रहनेछ।

## मधेशमा हिंसा रोकथाम अझै चुनौतीपूर्ण: एक वर्षमा २,०९४ पीडित


***कैलाश दास---***

जनकपुरधाम, १३ चैत ।मधेश प्रदेशमा मानव अधिकार उल्लङ्घन र हिंसाका घटनामा अपेक्षित कमी देखिएको छैन। शिक्षा, जनचेतना र न्यायसम्म सहज पहुँचको अभावका कारण यस्ता घटनाहरू निरन्तर भइरहेका छन्।

तीन तहको संघीय सरकार गठन भएपछि शोषण, दमन र घरेलु हिंसामा कमी आउने अपेक्षा गरिएको थियो। तर सरकारी तथा गैरसरकारी तथ्याङ्कले सुधार पर्याप्त नभएको देखाउँछ।

इन्सेकले प्रकाशित 'मानव अधिकार वर्ष पुस्तक २०२६' अनुसार देशभर मानव अधिकार उल्लङ्घनका घटनामा बागमती प्रदेश पहिलो स्थानमा छ भने मधेश प्रदेश दोस्रो स्थानमा रहेको छ। बागमतीमा एक वर्षमा ३,१९६ घटना भए भने मधेशमा २,०९४ घटना अभिलेखित छन्। मधेशमा यीमध्ये ४३ घटना राज्यपक्षबाट र २,०५१ घटना अन्य पक्षबाट भएका छन्।

प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा




बढी उल्लङ्घन धनुषामा भएको छ, जहाँ ८४४ घटना दर्ज छन्। अन्य जिल्लाहरूमा सप्तरी ११८, सिरहा ११६, महोत्तरी ३६६, सर्लाही १३२, रौतहट १५९, बार १३३ र पर्सा १८२ घटना भएका छन्।

मानव अधिकार उल्लङ्घन अन्तर्गत गिरफ्तारी, अपहरण, कुटपिट, धम्की, हत्या, बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, मानव बेचबिखन, साइबर अपराध, बोक्सी आरोप र दाइजोसम्बन्धी हिंसा जस्ता घटनाहरू समावेश छन्।

विशेषज्ञहरूले बताएका छन् कि दण्डहीनताको अन्त्य, कानुनी पहुँचको विस्तार र जनचेतना अभिवृद्धि नगरेसम्म यस्ता घटनामा कमी ल्याउन कठिन हुनेछ। यसले मधेशमा हिंसा नियन्त्रण अझै प्रभावकारी बन्न नसकेको स्पष्ट देखाउँछ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## मधेश प्रहरीको "असुली साम्राज्य" विश्वासको संकट र सुधारको अपरिहार्यता

मधेश प्रदेश प्रहरीभित्र कथित रूपमा सञ्चालन भइरहेको 'असुली नेटवर्क' सम्बन्धी खुलासाहरूले केवल केही व्यक्तिमाथि उठेका आरोप मात्र होइन, समग्र सुरक्षा संयन्त्रको विश्वसनीयतामाथि गम्भीर प्रश्न खडा गरेका छन्। घुमुवा प्रहरीको नाममा चल्ने भनिएको असुली प्रणाली, सीमावर्ती क्षेत्रमा तस्करीसँगको मिलेमतो र शक्तिको दुरुपयोगका घटनाहरू यदि सत्य हुन् भने, यो कानून कार्यान्वयन गर्ने निकायभित्रै संस्थागत विकृति गहिरिएको संकेत हो। विशेष चिन्ताजनक पक्ष भनेको यस्तो आरोप नयाँ होइनन्, तर वर्षौंदेखि दोहोरिँदै आएका छन्। तस्करी नियन्त्रणको जिम्मेवारी बोकेको निकाय नै कथित रूपमा तस्करीसँग 'सेटिङ' मा संलग्न भएको आरोप लाग्नुले राज्यको आधारभूत संरचनामै धक्का पुऱ्याउँछ। अझ गम्भीर कुरा, आरोपित व्यक्तिहरू पुनः संवेदनशील जिम्मेवारीमा फर्किनु र उजुरीहरू प्रभावकारी रूपमा छानबिन नहुनुले दण्डहीनताको संस्कृतिलाई थप बलियो बनाएको देखिन्छ। सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार केवल आर्थिक अपराध मात्र होइन, यसले राष्ट्रिय सुरक्षा, राजस्व संकलन र सामाजिक स्थायित्वमा प्रत्यक्ष असर पार्छ। यदि प्रहरीकै संरक्षणमा यस्तो गतिविधि हुने अवस्था बनेको हो भने, त्यसले आम नागरिकमा सुरक्षा निकायप्रतिको विश्वास गुम्ने मात्र होइन, राज्यप्रतिको आस्था समेत कमजोर बनाउँछ। यो समस्या व्यक्तिविशेषमा सीमित छैन। घुमुवा प्रणालीको अपारदर्शिता, कमाण्ड संरचनाको कमजोर जवाफदेहिता र राजनीतिक वा प्रशासनिक संरक्षणको आशंकाले यस्तो नेटवर्क फस्टाउन सहज वातावरण दिएको देखिन्छ। त्यसैले समाधान पनि आंशिक होइन, संरचनागत हुनुपर्छ। अब आवश्यक छ–स्वतन्त्र र निष्पक्ष छानबिन। आरोपित जोसुकै किन नहोस्, प्रमाणका आधारमा कारबाही हुनुपर्छ। साथै घुमुवा प्रहरी प्रणालीको पुनरावलोकन, सीमामा पारदर्शी निगरानी संयन्त्र, र उजुरी व्यवस्थालाई प्रभावकारी बनाउने सुधारहरू तत्काल लागू गरिनु जरुरी छ।

अन्ततः प्रश्न केवल 'असुली साम्राज्य' छ कि छैन भन्ने होइन, राज्यले त्यसलाई कसरी सम्बोधन गर्छ भन्ने हो। यदि फेरि पनि यस्ता आरोपहरू शक्तिको आडमा दबाइए भने, त्यसले मधेश प्रहरी मात्र होइन, सम्पूर्ण शासन प्रणालीप्रतिको विश्वासलाई गम्भीर रूपमा कमजोर बनाउनेछ। अहिलेको यो क्षण राज्यका लागि परीक्षणको घडी हो–सत्यको पक्षमा उभिने कि मौन बस्ने ।

# सार्वजनिक प्रशासनको विनिर्माण



सार्वजनिक प्रशासनको व्यावसायिकताको अभावले निम्त्याएका परिणति आफैँमा एक्लो उपज होइनन् । यसका मुख्य दुई कारण छन्, प्रशासनभित्रकै न्यायसङ्गत वातावरणको अभाव र यसमाथिको अति राजनीतीकरण । चरम नागरिक असन्तुष्टिको माफबाट सृजित विशेष निर्वाचनको परिणामबाट बन्ने सरकारले अब सार्वजनिक प्रशासनको रूपान्तरण होइन, विनिर्माण नै गर्नुपर्ने अवस्था छ ।



पुण्यप्रसाद भट्टराई

राजनीतिले आफ्नो सहजताका लागि निर्माण गरेको सहयोगी संयन्त्रको आधुनिक स्वरूप सार्वजनिक प्रशासन हो । सार्वजनिक प्रशासनसँग सरकार र विधायिकीले बनाइदिएका नीति र कानुन हुबहु कार्यान्वयन गर्ने जिम्मेवारी रहन्छ । प्रशासनिक कानुनले उनीहरूको अस्तित्व संरक्षण र सञ्चालन गर्छ । त्यो प्रशासनिक कानुनको ढाँचा निर्माण र कार्यान्वयनको शैली राजनीतिक दर्शनबाट निःसृत हुन्छ । तसर्थ प्रशासनको भुत्तेपन वा निक्खराको अमृत वा विषको भागीदारी राजनीतिमा नै रहन्छ ।

हालसम्म विकास र समुन्नतिका प्रयासमा राजनीतिको जति योगदान वा कमजोरी छन्, सार्वजनिक प्रशासनलाई पनि उत्ति नै जिम्मेवार रूपमा हेरिएको छ । सार्वजनिक प्रशासनको व्यावसायिकताको अभावले निम्त्याएका परिणति आफैँमा एक्लो उपज होइनन् । यसका मुख्य दुई कारण छन्- प्रशासनभित्रकै न्यायसङ्गत वातावरणको अभाव र यसमाथिको अति राजनीतीकरण । चरम नागरिक असन्तुष्टिको माफबाट सृजित विशेष निर्वाचनको परिणामबाट बन्ने सरकारले अब सार्वजनिक प्रशासनको रूपान्तरण होइन, विनिर्माण नै गर्नुपर्ने अवस्था छ ।

प्रशासनलाई दोष दिएर जनतासमक्ष भोटको अपेक्षा गर्ने राजनीतिक संस्कार कमजोर राजनीतिक संस्कार हो । प्रशासनमा जनशक्तिको प्राप्ति, विकास, उपयोग र प्रतिफल सुनिश्चित गर्ने कार्यमा राजनीतिले लिएको दर्शन र सो अनुरूपको व्यवस्था बाध्यकारी हुन्छ । कर्मचारीलाई जनमैत्री र विकासमैत्री कार्यविधिगत मार्गमा हिँडाउन सक्ने राजनीति मात्र सही राजनीति हो । प्रशासन मानिसको समूह भएकाले यसरी हिँडाउने कार्यमा मानवीय पक्षलाई ख्याल गर्नु पर्छ । वैज्ञानिक व्यवस्थापन सिद्धान्तदेखि मानव सम्बन्ध सिद्धान्त हुँदै हालसम्म उत्तरआधुनिक व्यवस्थापकीय सिद्धान्तको परिकल्पना र उपयोग भएको छ । यसको नतिजास्वरूप कर्मचारीबाट कानुन कार्यान्वयनमा नैतिकता र सदाचारको हिस्सासमेत प्रदर्शन हुने गर्छ । यद्यपि नैतिकता र सदाचार यतिबेर अति राजनीतीकरणको कारण गौण भएको छ वा कतै विलुप्त भएको छ । 'योग्य योग्याय दातव्यम्' अर्थात् 'राइट मेन एट राइट प्लेस' भन्ने कर्मचारी व्यवस्थापनको मूलमन्त्रको उपयोग कमजोर भयो । बरु आफन्त, भनसुन र राजनीतिक निकटताको सहारामा पदस्थापन तथा सरुवा हुने 'लोयल्टी डिभिडेन्ड' को उपयोग भयो । समग्रतामा, यसले विकास प्रक्रियालाई सधैँ सताइरह्यो।

वैज्ञानिक सरुवा प्रणाली नभएकाले राजनीतिप्रति चासो नराख्ने र काममा मात्र तल्लीन रहने कर्मचारीले सधैँ टिठ अनुभव गरे । यसले सक्षम भनिएकाहरूबाट समेत सही कार्यसम्पादन हुन सकेन, जसको प्रत्यक्ष असर सेवाप्रवाह र नागरिक सन्तुष्टिमा पऱ्यो । कानुन एकातिर, राजनीतिक सोच अर्कोतिर भएपछि कर्मचारीले काम गर्दाभन्दा नगर्दा नै सुरक्षित हुने अवस्थासमेत देखियो । यी सबै समस्या राजनीतिक दृष्टिकोण, काम गराई र दर्शनको उपज हो । कर्मचारी प्रशासनमा डर र भर दुवै कुरा भएमा मात्र तटस्थता र निर्वैयक्तिकता प्रदर्शन हुने हो, जुन व्यावसायिकताको प्रथम विन्दु हो ।

आन्तरिक नैतिकता र न्यायमा ध्यान नदिँदा कर्मचारीहरू राजनीतिक छानोमा एकत्रित हुन बाध्य भए । यसले लोक सेवा पास हुनभन्दा पदस्थापन हुन गाह्रो भयो । नियुक्तिअघि नै कुर्सी र कार्यकक्ष तयार हुनुपर्नेमा नियुक्तिपछि कार्यकक्ष खोज्नुपर्ने अवस्था आयो । यी सम्पूर्ण पक्षलाई संस्थागत रूपमा सम्बोधन गर्न व्यक्तिगत रूपमा सुन्नुपर्ने सुझाव तालुकबाट जारी गर्ने प्रणालीमा विकास भयो ।

अघिल्ला सरकारले राजनीतिक परिवर्तनका लागि तत्कालीन व्यवस्थाविरुद्ध सघाएको भनेर प्रशासनलाई काखी च्यापेको देखिन्छ । प्रशासनले पनि त्यही पुरानै पदचाप पछ्याएर फाइदा उठाएको देखिन्छ तर अब बन्ने सरकारले लामो समयदेखि राजनीतिक भ्रातृ सङ्गठन नराख्ने भन्ने किसिमको दृष्टिकोण प्रदर्शन गर्दै आएको छ । यद्यपि सार्वजनिक प्रशासनको खास सुधारको खाका भने प्रस्तुत गरेको देखिन्न । नयाँ सरकारले प्रशासनभित्रको आन्तरिक न्याय प्रणाली स्थापित गर्दै यसको व्यावसायिकता प्रवर्धन गरोस् भन्ने पक्षमा यसअघि आफूलाई 'रैती' अनुभूत गरेका कर्मचारीहरू देखिन्छन् । समन्याय प्रणालीसहितको 'राइट मेन एट राइट प्लेस' भएमा राजनीतिको नजिक रहनुपर्ने बाध्यता आफैँ समाप्त हुने छ । यसै गरी राजनीतिबाट निःसृत नीति कार्यान्वयन गर्ने भएकाले निर्णय कार्यान्वयनमा कर्मचारीले गरेको नैतिक व्यवहारको रक्षा गरिदिएमा उनीहरू निर्धक्क देश बनाउन लाग्ने छन् । यसका लागि गरिनुपर्ने सुधार निकै नै पीडादायी र निर्मम हुन सक्छ । त्यसैले अब रूपान्तरण होइन, विनिर्माण नै गर्नुपर्ने अवस्था छ ।

यसका लागि सर्वप्रथम गरिनुपर्ने काम निजामती कर्मचारीको छाता ऐन निर्माण हो । यसले सङ्घीयतामाथिको स्पष्ट दृष्टिकोणसहितको सेवाहरूको गठन र सर्तहरूको प्रबन्ध गर्छ । सेवा र कार्यभार अनुसारको सुविधाको व्यवस्था गर्ने स्वचालित प्रणालीको स्थापना र कार्यान्वयन गर्छ । वृत्ति प्रणालीको परिभाषा गर्ने र त्यसको वैज्ञानिक ढङ्गबाट व्यवस्थापन गर्ने कार्य महत्वपूर्ण हुन्छ । ऐनको नाममा 'निजामती' शब्द निकालेर अरू प्रगतिशील शब्द राख्ने सुझाव पनि आएको देखिन्छ ।

सार्वजनिक व्यवस्थापनका लागि आवश्यक जनशक्तिको प्रबन्ध गर्ने प्रभावकारी नीति तय गर्दै त्यसलाई समग्र मानव संसाधन व्यवस्थापनको एक परिपूरक दृष्टिकोणबाट हेरिनु पर्छ । किनकी यो क्षेत्रका मानिसको काम गराइ र पारितोषिक प्रणाली अन्य क्षेत्रका लागि समेत अनुकरणीय हुनु पर्छ । सिङ्गापुरमा 'लि क्वान यु' ले यही रणनीतिबाट विकासको जग बसालेको शोधहरूमा पढ्न पाइन्छ । व्यावसायिक रूपमा काम गराउन नयाँ सरकारले वैज्ञानिक वृत्ति प्रणाली, अनिवार्य अवकाश वा स्वैच्छिक अवकाश योजना लागु गरी आवश्यक सङ्ख्यामा कर्मचारीको आकार (राइट साइजिङ) बनाउन सक्छ । यो कार्य निजामती साथै संस्थानमा पनि गर्न सकिन्छ ।

काममा दत्तचित्त रहने, प्रविधिसँग खेल्न सक्ने र केही गर्न चाहने प्रशासकलाई उसको कार्यक्षमताका आधारमा प्रोत्साहन गर्ने प्रणाली स्थापना गर्नु पर्छ । एउटा निश्चित उमेर पुगेका र वर्तमान प्राविधिक विकाससँग अध्यावधिक हुन नसक्ने कर्मचारीलाई स्वैच्छिक अवकाश योजना ल्याउन सकिन्छ । सरकारको आवश्यकता र निर्धारित सर्तहरूमा सामेल हुन नसक्ने कर्मचारीलाई अनिवार्य अवकाशसमेत सरकारले दिन सक्छ । ट्रेड युनियन राख्नै परे अत्यन्तै गैरराजनीतिक र व्यावसायिक हितमा सुझाव दिनसक्ने बनाइनु पर्छ । किनकि प्रशासन र राजनीतिको सैद्धान्तिक सीमारेखा मिचेर अघि बढ्ने कार्य व्यावसायिकताको घेराभित्र रहन सक्दैन । उनीहरूको सुझाव कार्यान्वयन गर्ने वा गुनासो व्यवस्थापनको चित्तबुझ्दो विकल्प सरकारले दिन सक्नु पर्छ ।

पछिल्लो समय 'कल्चरल कम्पिटेन्ट ब्युरोक्रेसी' को विषयमा चर्चा हुन थालेको छ । सकेसम्म स्थानीय तहमा यो अवधारणाको कार्यान्वयन गर्ने प्रयत्न आवश्यक छ । कर्मचारीको व्यक्तिगत विवरणलाई वैज्ञानिक बनाउन उसको रुचिसमेत उल्लेख गरी सञ्चित गरिनु पर्छ । कुनै कार्यालयमा आवश्यक कर्मचारीको निश्चित सर्तहरू कम्प्युटरमा प्रविष्टि गरेपछि रुचिसमेतका आधारमा निश्चित क्षेत्रमा तोकिएको अवधि पूरा गरेका कर्मचारीको लिस्ट कम्प्युटर प्रणालीले नै तयार गर्छ । सोही आधारमा उनीहरूलाई सरुवा गरी त्यसको जानकारी इमेलबाट गराउने व्यवस्था गर्न सके सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा देखिने दैनिक भिड शून्य हुने छ ।

स्वचालित र वैज्ञानिक सरुवा प्रणालीले सही मान्छेलाई सही स्थानमा राख्ने संस्कार स्थापित गर्ने छ । उदाहरणका लागि अर्थतन्त्रमा ज्ञान भएका, दुई चार वटा पेपर प्रस्तुत गरेका मान्छे अतिरिक्तको वरण्डामा बस्ने र साहित्य मुख्य विषय पढेको मान्छेले अर्थतन्त्रको नीति बनाउने स्थानमा रहने अवस्थाको अन्त्य हुने छ । मानव पुँजीको सही उपयोग हुने छ ।

कर्मचारीलाई ताजकी राख्न अनिवार्य तालिम र वार्षिक अनिवार्य बिदाको व्यवस्था गर्न सके विश्वस्तरीय प्रणालीको सुरुवात हुन सक्छ । मापनयोग्य कार्यविवरणसहितको कार्यसम्पादन सम्झौता र नागरिकसमेतको मूल्याङ्कन प्रणालीको प्रयोग गर्न कति पनि कठिन छैन । केवल इच्छाशक्तिको जरुरत देखिन्छ । पछिल्लो समय नागरिकको सहकार्यमा गरिने कार्यसम्पादनलाई सार्वजनिक प्रशासन सुधारको सारथीको रूपमा अवलम्बन गरिँदै आएको छ ।

विड्रो विल्सनले भने जस्तो राजनीति र प्रशासनबिचको सीमारेखाको अस्पष्ट (ब्लर) खण्डलाई केही चम्किलो बनाउन पनि आवश्यक छ । राजनीतिक कलर मिलेपछि मन्त्रालय वा कार्यालयको निश्चित कुर्सीमा निश्चित मान्छे लैजाने प्रणाली अन्त्य गरिनु पर्छ । यसका कारण क्षेत्रगत ज्ञान भएका मान्छे सधैँ लघुताभाषमा रहने, विज्ञता भएका भन्दा चाकडीमा रुमल्लिने मानिस कुर्सीमा बस्ने भएकाले सेवा प्रवाहमा प्रश्न आएको हो । कर्मचारी प्रशासनमा सधैँ आफ्नो सहजता खोज्ने र त्यसलाई प्रशासनभित्र भएका आफन्त वा राजनीतिबाट अनुमोदन गराउने प्रचलनले कोही मानिस सिंहदरबारभित्रबाटै अवकाश जाने कोही दुर्गमबाट दुर्गम हुँदै सधैँ कुण्ठित र हतास रहने देखिन्छ । सिंहदरबारमा बसेपछि सबै किसिमका अवसर थाहा पाउने र त्यसको उपयोग गर्ने प्रवृत्ति छ । स्वास्थ्य वा अन्य घरायसी कारण देखाएर दुर्गममा जान नचाहने तर विदेश वा राम्रा भनिएका कार्यालयमा भए जति समय जहाँ पनि जान सक्ने प्रवृत्तिको खुलेर चर्चा हुन सकेको छैन । यसले एकीकृत उत्पादकत्व भने अवश्य कम भएको छ । यो पक्षलाई बुझेर कार्यान्वयन गर्न सके मात्र अबको सरकारको लक्ष्य प्राप्त हुने देखिन्छ ।

समग्रमा सार्वजनिक प्रशासनको मूल संरचना, मूल्य र व्यवस्थापकीय कौशलको विनिर्माण नै गर्न आवश्यक छ । राष्ट्रिय स्वार्थमा दत्तचित्त हुने स्वचालित र विज्ञहरूको नैतिक सङ्गठनका रूपमा 'डे अफ द गभरमेन्ट' निर्माणको 'स्ट्रक्चरल' नक्सा बनाउन नयाँ सरकारको पहिलो प्राथमिकता र प्रयत्न हुने छ भन्ने अपेक्षा छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानमाथि हवाई हमलाबारे शुक्रबार बैठक हुने: रुसी मिडिया

*मस्को, चैत १३ गते ।*

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले रुसी अनुरोधमा शुक्रबार बन्द बैठक गर्नेछ, जसमा इरानमाथि भएका हवाई हमलाहरूको विषयमा छलफल हुने भएको रुसी सरकारी मिडियाले जनाएको छ । मध्यपूर्व युद्ध दोस्रो महिनातर्फ बढ्दै गर्दा यो बैठक आयोजना हुन लागेको हो ।



फेब्रुअरी २८ मा अमेरिका र इजरायलले गरेको हवाई हमलापछि इरान प्रायः दैनिक रूपमा बमबारीको शिकार हुँदै आएको छ । यसका कारण नागरिक पूर्वाधार, विद्यालय, अस्पताल र अन्य सार्वजनिक स्थलमा ठूलो क्षति पुगेको छ । इरानमा नागरिक पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवामा हुने लगातार हवाई हमलाहरूको कारण रुसी सरकारले तत्काल बैठकको अनुरोध गरेको हो ।

यस सम्बन्धमा रुसी राजदूतका प्रवक्ताले राज्य सञ्चार माध्यममार्फत जानकारी दिएका छन् । युद्धको पहिलो दिन दक्षिणी इरानी शहर मिनाबमा भएको हवाई हमलामा एक विद्यालय लक्षित भएको थियो, जसमा १६० भन्दा बढी बालबालिका मारिएका थिए । प्रारम्भिक अनुसन्धान अनुसार, उक्त हवाई हमला लक्ष्य निर्धारणमा भएको गल्तीका कारण भएको थियो।

यस महिनामा आयोजित बैठकको समय बिहान १० बजे तय गरिएको छ । बैठकमा इरानमाथि भएका हवाई हमलाको प्रभाव, मानविय क्षति र युद्ध रोकथामका उपायबारे छलफल हुने अपेक्षा गरिएको छ । अमेरिका र इजरायलको सैन्य अभियानले इरानी नेतृत्व, मिसाइल स्थल र अन्य सैन्य पूर्वाधारलाई लक्षित गरेको छ । यसको प्रतिक्रियामा इरानले गल्फ क्षेत्रमा व्यापक हमला गरेको छ र महत्वपूर्ण जलमार्ग स्ट्रेट अफ होर्मज अस्थायी रूपमा बन्द भएको छ ।

यस जलमार्गमार्फत सामान्य अवस्थामा विश्वको कच्चा तेल र तरल प्राकृतिक ग्यासको ठूलो हिस्सा गुज्रिन्छ । यसैबिच, मानव अधिकार परिषद्ले पनि जेनेभामा अलग बैठक आयोजना गर्दै विद्यालयमाथि भएको घातक हवाई हमलाबारे छलफल गर्ने तयारी गरेको छ । बैठकले नागरिकको सुरक्षामा ध्यान दिँदै युद्धका प्रभाव र भविष्यका रोकथामका उपायमा जोड दिने अपेक्षा गरिएको छ ।

## युद्धको बिचमा इरानमा बिट्कोइन र डिजिटल मुद्राको प्रयोग बढ्यो

*लन्डन, चैत १३ गते ।*

मध्यपूर्वको युद्ध सुरु भएदेखि इरानमा क्रिप्टोकरेन्सीको ठुलो प्रवाह भएको छ । विशेषज्ञका अनुसार, यसलाई इरानको क्रान्तिकारी गाड्र्समाथि लगाइएका प्रतिबन्ध पार गर्न र तीव्र मुद्रास्फीतिबाट पीडित नागरिकका लागि वित्तीय सुरक्षित माध्यमको रूपमा प्रयोग गरिएको छ । विशेषज्ञले डिजिटल मुद्रा इरानमा कसरी प्रयोग भइरहेका विश्लेषण गरेका छन् ।




***ठुलो रकमको प्रवाह***

असाधारण रूपमा ठुलो प्रवाहमा, इजरायल-अमेरिका हवाई हमलाको पहिलो दिन फेब्रुअरी २८ देखि मार्च २ सम्म इरानी एक्सचेन्ज प्लेटफर्मबाट करोडौँ डलर बराबरको क्रिप्टोकरेन्सी बाहिर गएको तथ्याङ्कहरू देखिएका छन् । मार्च ५ सम्म, ती रकमको करिब एक तिहाइ विदेशी एक्सचेन्जमा सारिएको थियो ।

केही रकम नागरिकले आफ्नो बचत सुरक्षित राख्न पठाएका भए पनि, रकमको ठुलो आकारले 'सत्ता सम्बन्धी पात्रको' संलग्नता देखाएको विश्लेषक बताउँछन् । यस्तो कार्यले सम्भावित थप प्रतिबन्ध वा साइबर आक्रमणको डरलाई सङ्केत गर्छ । जुन २०२५ मा, अघिल्लो इजरायल-इरान सङ्घर्षको उच्च विन्दुमा, क्रिप्टोकरेन्सी प्लेटफर्मबाट ठुलो रकम चोरी भएको थियो, जसमा इजरायलसँग सम्बन्धित ह्याकरको संलग्नता रहेको बताइएको थियो ।

***इरानसँग सम्बन्धित***

विश्लेषण अनुसार, यस ठुलो प्रवाहमा प्रयोग भएका धेरै डिजिटल वालेट प्रत्यक्ष रूपमा क्रान्तिकारी गाड्र्ससँग जोडिएका छन् । "इन्टरनेट बन्द हुँदा समेत केही रकम बाहिर जान्छ, जसले देखाउँछ कि केही व्यक्तिलाई एक्सचेन्जको क्रिप्टो सम्पत्ति पहुँच छ," क्रिप्टोकरेन्सी विश्लेषकले बताएका छन् । गत वर्ष, गाड्र्ससँग सम्बन्धित वालेटमा अर्बौं डलरभन्दा बढी क्रिप्टोकरेन्सी जम्मा गरिएको थियो, जसले देशको कुल प्रवाहको आधाभन्दा बढी प्रतिनिधित्व गर्छ र यो भाग अझ बढिरहेको छ ।

अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण पारम्परिक वित्तीय प्रणालीबाट काटिएको इरानका लागि, क्रिप्टोकरेन्सी वैकल्पिक माध्यम बनेको छ । यसले राज्यलाई प्रतिबन्धित तेल बिक्री गर्न वा यमनका हूथी विद्रोही जस्ता समूहलाई गोप्य रूपमा वित्तीय सहयोग गर्न अनुमति दिन्छ । आर्थिक मिडियाले पनि यस वर्ष इरानले क्रिप्टोकरेन्सी प्रयोग गरी बैलिस्टिक मिसाइल, ड्रोन र अन्य उन्नत हतियार प्रणाली बिक्रीका लागि प्रस्ताव गरेको बताएको छ ।

डिजिटल सम्पत्ति बैँक ट्रान्सफरसँग तुलना गर्दा छिटो र कम खर्चिलो छ र अन्तर्राष्ट्रिय नियमका खाडलका कारण ट्र्याक गर्न कठिन छ । क्रान्तिकारी गाड्र्स र इरानी केन्द्रीय बैँकले स्थिर डिजिटल मुद्राहरूलाई प्राथमिकता दिएका छन्, जसलाई सामान्यतया डलरसँग जोडिएको हुन्छ ।

तर नागरिक व्यापक रूपमा बिट्कोइनमा आकर्षित भएका छन्, जुन प्लेटफर्मबाट निकालेर व्यक्तिगत वालेटमा सुरक्षित राख्न सकिन्छ । वर्तमानमा बिट्कोइनको मूल्य ६८ हजार डलरभन्दा बढी छ।

विश्लेषकले युद्धअघि पनि इरानमा कडा दमन गरिएको प्रदर्शनमा डिजिटल मुद्राको व्यापक प्रयोग देखिएका बताएका छन् । मुद्रास्फीतिले ५० प्रतिशत नजिक पुगिसकेको अवस्थामा, क्रिप्टोकरेन्सीले राष्ट्रिय मुद्राको पतनसँग जुदिरहेको जनतालाई 'जीवनरेखा' प्रदान गरेको छ ।

## रामनवमीको अवसरमा बाराको सिम्रौनगढ र जनकपुरमा भव्य उत्सव, आस्था र संस्कृति झल्किया

१३ चैत्र, बारा। जनकपुरधाम।

बाराको सिम्रौनगढमा शुक्रवार रामनवमी मेला भव्य रूपमा मनाइएको छ। कंकालीमाई मन्दिर परिसरमा बिहानैदेखि भक्तजनको घुईंचो देखिन थाल्यो। देशका विभिन्न स्थानबाट आएका श्रद्धालुहरूले माता कंकालीमाईको दर्शन गर्दै पूजा-आराधना गरेका थिए। भक्तजनहरूले फूलमाला चढाउँदै, दीप प्रज्वलन गर्दै र आरतीमा सहभागी हुँदै आफ्नो आस्था प्रकट गरेका थिए।



मन्दिर परिसरमा स्थानीय परम्परागत नेचुवाको नाच प्रस्तुत गरिएको थियो, जसमा रंगीन पोशाक र धुनसँगै दर्शकहरू मन्त्रमुग्ध बनेका थिए। त्यस्तै, सांस्कृतिक कार्यक्रम र चैतावर गीतले मेलाको धार्मिक वातावरणलाई उल्लासमय बनाएको थियो। आयोजकहरूले भक्तजनको सहज आवागमन र सेवा सुविधा सुनिश्चित गर्न विशेष व्यवस्थापन गरेका थिए।

स्थानीय व्यापारीहरूले मेलामा विशेष तयारी गरेका थिए। पूजाको अवसरमा मिष्ठान, फुलमाला, धार्मिक सामग्री र जडिबुटीका स्टलहरू खुलेका थिए। यसले धार्मिक उत्सवसँगै स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पारेको छ।

त्यसैगरी, जनकपुरस्थित जानकी मन्दिरमा पनि रामनवमी भव्य रूपमा मनाइएको छ। मन्दिरमा श्रद्धालुहरूले राम र जानकीको मूर्तिमा फूलमाला चढाए, दीप प्रज्वलन गरे र भजन-कीर्तनमा सहभागिता जनाए। मन्दिरको सजावट र प्रांगणमा राखिएका प्रकाश-दीपहरूले वातावरण धार्मिक र भव्य बनाएको थियो। सांस्कृतिक कार्यक्रममा स्थानीय कलाकारहरूले रामायण आधारित नाटक प्रस्तुत गरे, जसले भक्तजनलाई पुरानो धार्मिक कथामा डुबाइदियो।

स्थानीय बासिन्दा, विद्यार्थी र दूरदराजबाट आएका पाहुनाहरूले रामनवमीको धार्मिक, सांस्कृतिक र सामाजिक महत्वको अनुभव गरे। उनीहरूले यो पर्वले आस्था, समुदायिक एकता र सांस्कृतिक पहिचानलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरे।

उत्सवका अवसरमा नगरपालिकाले पनि सुरक्षा, व्यवस्थापन र स्वच्छता सुनिश्चित गर्दै सबैको सहभागिता सुनिश्चित गरेको थियो। आयोजकहरू भन्छन् कि यस्तो मेलाले केवल धार्मिक आस्था मात्रै होइन, पर्यटन र स्थानीय आर्थिक गतिविधिलाई पनि प्रवर्द्धन गर्ने काम गरेको छ।

विशेषज्ञहरूको भनाइ अनुसार धार्मिक तथा सांस्कृतिक पर्वहरूको सही व्यवस्थापनले स्थानीय पर्यटन, हस्तकला र सांस्कृतिक उद्योगको विकासमा ठूलो टेवा पुऱ्याउन सक्छ। सिम्रौनगढ र जनकपुरका मेलाहरूले यसै दिशामा कदम चाल्दै स्थानीय समुदाय र प्रशासनबीच सकारात्मक सम्बन्ध स्थापित गरेका छन्।

यसरी बाराको सिम्रौनगढ र जनकपुरमा मनाइएको रामनवमी मेला धार्मिक आस्था, सांस्कृतिक झल्को र सामाजिक सहभागिताको उत्कृष्ट उदाहरण बनेको छ।

## भारतिय प्रम मोदीद्वारा बालेनलाई बधाई,



काठमाडौं, १३ चैत । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) लाई पद तथा गोपनीयताको शपथ ग्रहण गरेको अवसरमा हार्दिक बधाई दिएका छन्। मोदीले सामाजिक सञ्जाल मार्फत पठाएको सन्देशमा लेखेका छन्, "नेपालको प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गर्नुभएकोमा बधाई। यसले नेपाली जनता तपाईंमा राखेको विश्वास दर्शाउँछ।" सन्देशमा दुई देशबीचको मैत्री र सहकार्यलाई अझ उचाइमा पुर्‍याउने इच्छासहित जनताको पारस्परिक हितका लागि नजिकबाट काम गर्ने उत्सुकता व्यक्त गरिएको छ। मोदीले नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ बनाउन मिलेर काम गर्ने प्रतिबद्धता पनि जनाएका छन्।

## सिम्रौनगढमा ...

भवन उद्घाटनसँगै नगरपालिकाले प्रशासनिक क्षमता, विकास प्रतिबद्धता र सेवा प्रवाह सुधारमा नयाँ सन्देश दिएको स्थानीयहरूले बताएका छन्। यद्यपि, कार्यपालिका भित्रको अनमन र विवाद नगरी नगरवासीलाई नयाँ संदेश प्रभावकारी ढंगले पुऱ्याउने चुनौती अझै बाँकी छ।

सिम्रौनगढको नयाँ प्रशासनिक भवनले न केवल सेवा सुविधा सुधार गर्नेछ, तर नगर विकास, पर्यटन प्रवर्द्धन, धार्मिक तथा ऐतिहासिक धरोहर संरक्षण र आर्थिक विकासको नयाँ युगको संकेत पनि प्रस्तुत गरेको छ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

जीतपुरसिमरा उपहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# बालेन नेतृत्वमा १५ सदस्यीय मन्त्रिपरिषद् गठन, पाँच महिला मन्त्री सहभागी

***१३ चैत्र,काठमाडौं ।***
राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा नयाँ १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ। यस नयाँ सरकारमा पाँच जना महिला मन्त्रीहरू पनि सहभागी छन्। प्रधानमन्त्री बालेन्द्र शाहले शपथ ग्रहणसँगै रक्षा तथा उद्योग मन्त्रालयको जिम्मेवारी समेत सम्हालेका छन्। दोस्रो वरीयताका मन्त्रीहरूमा स्वर्णिम वाग्ले अर्थ मन्त्रालय, सोविता गौतम कानुन मन्त्रालय र शिशिर खनाल परराष्ट्र मन्त्रालयको जिम्मेवारीमा नियुक्त भएका छन्। गृह मन्त्रालयको नेतृत्व सुधन गुरुङले सम्हालेका छन् भने ऊर्जा मन्त्रालय विराजभक्त श्रेष्ठको जिम्मेवारीमा छ।



अन्य मन्त्रालयको संरचना यस प्रकार छः सामान्य प्रशासन मन्त्रालयमा प्रतिभा रावल, सञ्चार मन्त्रालयमा विक्रम तिमिल्सिना, श्रम मन्त्रालयमा दीपक साह, शिक्षा मन्त्रालयमा सस्मित पोखरेल, पर्यटन मन्त्रालयमा खड्क (गणेश) पौडेल। कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय गीता चौधरी, महिला, बालबालिका मन्त्रालय सीता वादी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय निशा मेहता नेतृत्वमा रहँदैछ।

नवनियुक्त मन्त्रिपरिषद् गठनसँगै सरकारले शीघ्र कार्यनीति तय गरी देशको प्रशासनिक र विकास कार्यलाई गति दिने योजना बनाएको छ।

# आयोगको प्रतिवेदन कार्यान्वयनमा सरकार सक्रिय, पहिलो बैठकमै महत्वपूर्ण निर्णय

***१३ चैत्र, काठमाडौं ।***
प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाटै महत्त्वपूर्ण निर्णयहरू गरेको छ। शुक्रबार सिंहदरबारमा बसेको बैठकले भदौ २३ र २४ का घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको हो।



सरकारका प्रवक्ता समेत रहेका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलका अनुसार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिइनेछ। विशेषगरी सुरक्षा निकायसँग सम्बन्धित विषयमा थप अध्ययनका लागि छुट्टै समिति गठन गरिनेछ, जसले प्रतिवेदनका आधारमा आवश्यक सिफारिस पेश गर्नेछ।

बैठकले शासकीय सुधारलाई प्राथमिकतामा राख्दै सरकारका १०० कार्यसूची स्वीकृत गरेको छ। ती कार्यसूचीहरू सार्वजनिक गरेर कार्यान्वयनमा लैजाने तयारी पनि तीव्र पारिएको जनाइएको छ।

त्यसैगरी, मन्त्रिपरिषद्ले मन्त्री पोखरेललाई सरकारको आधिकारिक प्रवक्ताको जिम्मेवारी दिएको छ। साथै, जनआन्दोलनका क्रममा ज्यान गुमाएका सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्ने निर्णय पनि गरिएको छ।

सरकार गठनलगत्तै गरिएका यी निर्णयहरूले नयाँ सरकार सुधारमुखी र कार्यान्वयनमुखी ढंगले अघि बढ्न खोजेको संकेत दिएका छन्।

# सिम्रौनगढमा नयाँ प्रशासनिक भवन उद्घाटन, आर्थिक र पर्यटन विकासको नयाँ पडको मार्ने निश्चित: धिमाल ,संघिय सांसद

***संवाहक सम्वादाता-१३चैत्र,*** कलैया्
बाराको सिम्रौनगढ नगरपालिकामा नयाँ प्रशासनिक भवनको शुक्रबार उद्घाटन गरिएको छ। निर्वाचन क्षेत्र नं१ का संघिय सांसद एवम् उदघाटन समारोहका प्रमुख अतिथि गणेश धिमाले एक कार्यक्रमका बिच उदघाटन गरेका गरे। सिम्रौनगढ विकासको लामो पर्खाइ ब अन्ततः ओझेलमा नरहने संकेत गर्दै नयाँ भवनको उद्घाटनले सिम्रौनगढमा सेवा प्रवाह सहज, व्यवस्थित र नागरिकमैत्री हुने आशा जगाएको छ।




नगरपालिकाले धार्मिक, पुरातात्विक र ऐतिहासिक धरोहरलाई पर्यटनसँग जोडेर स्थानीय विकासमा टेवा पुऱ्याउने प्रतिबद्धता जनाएको छ। सिम्रौनगढको कंकालीमाईलाई एसिया प्रसिद्ध महागढीमाईसँग जोड्ने, साथै जडिबुटी व्यवसायसँग समन्वय गर्दै आर्थिक र धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने योजना अघि बढाइने जनाइएको छ।

नगरप्रमुख किशोरी प्रसाद कलवारले समारोहको अध्यक्षता गरेका थिए भने पूर्व मेयर विजय शंकर यादव, जनप्रतिनिधि, कर्मचारी, स्थानीय नेता र नागरिकहरूको सहभागिता थियो।

उक्त भवनको शिलान्यास २०७६/११/२६ मा पूर्व मेयर यादवले गरेका थिए। तर बजेट अभावका कारण निर्माण कार्य ढिला भएको थियो। साढे करोडको हाराहारीमा निर्मित तीन तले प्रशासनिक भवन आधुनिक सुविधा सहित बिकोई बिलपर्डर्स कम्पनीले निर्माण गरेको हो। भवन उद्घाटनसँगै नागरिकले एकै ठाँउबाट सबै सेवा पाउने सुविधा उपलब्ध हुनेछ।

नयाँ भवनको उद्घाटनले सिम्रौनगढमा सेवा प्रवाह सहज, व्यवस्थित र नागरिकमैत्री हुने आशा जगाएको छ।

स्थानीय नागरिक, कर्मचारी र नेताहरूले नयाँ भवन उद्घाटनलाई सकारात्मक कदम मानेका छन्।

बाँकी तेस्रो पृष्ठमा

# कर्मचारीलाई प्रधानमन्त्री बालेन्द्र शाहको सन्देश: ढिलासुस्ती सह्य हुँदैन

१३ चैत्र,काठमाडौं ।
नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाहले सरकारी कामकाजमा कुनै पनि बहाना बनाएर ढिलासुस्ती नगर्न कर्मचारीहरूलाई स्पष्ट निर्देशन दिएका छन्। पदभार ग्रहण गरेलगत्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आयोजित छोटो ब्रिफिङमा उनले सरकारको कार्यशैलीसँग मिल्ने 'स्पिरिट' अपनाउन जोड दिएका हुन्।



प्रधानमन्त्री शाहले वर्तमान सरकार आवश्यक परे नियम तथा कानुन संशोधन गर्न सक्षम रहेको उल्लेख गर्दै काम रोकिने अवस्था स्वीकार्य नहुने बताए। "हामीले अघि बढ्न खोजेको गति अनुसार तपाईंहरूले पनि काम गर्नुपर्छ," भन्दै उनले कर्मचारीहरूलाई कुनै पनि बहाना नगरी जिम्मेवारी निर्वाह गर्न आग्रह गरे। उनका अनुसार सेवा प्रवाहमा ढिलाइ गर्ने प्रवृत्ति अन्त्य हुनुपर्नेमा जोड दिँदै स्पष्ट सन्देश दिएका छन्– कुनै पनि कारण देखाएर काम अल्झाउने अवस्था अब सह्य हुँदैन। करिब पाँच मिनेटको छोटो सम्बोधनमा प्रधानमन्त्रीले मुख्यतः कार्यदक्षता, जिम्मेवारी र परिणाममुखी काममा केन्द्रित रहन निर्देशन दिएका थिए।

# गृहमन्त्रीमा सुधन गुरुङले लिए पद तथा गोपनियताको शपथ

***१३ चैत्र, काठमाडौं ।***
नवनियुक्त गृहमन्त्री सुधन गुरुङले शुक्रबार मन्त्रिपरिषद् कार्यालयमा पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन्। शपथ ग्रहण समारोहमा प्रधानमन्त्री बालेन्द्र शाहले उहाँलाई पदको जिम्मेवारी ग्रहण गराउनुभएको थियो।



शपथ लिनासाथ मन्त्री गुरुङले भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाउने र सेवा प्रवाहलाई छिटो, पारदर्शी तथा परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले कर्मचारीहरूलाई निर्देशित गरेका छन् कि मन्त्रालयमा काम गर्दा कुनै बहाना वा ढिलासुस्ती स्वीकार्य नहुनेछ।

मन्त्री गुरुङको नेतृत्वमा गृह मन्त्रालयले एकद्वार प्रणालीमार्फत नागरिकलाई छिटो सेवा दिने व्यवस्था लागू गर्ने तयारी गरेको बताइएको छ। यसले जनतालाई प्रत्यक्ष लाभ पुग्ने र प्रशासनिक कार्यकुशलता बढ्ने अपेक्षा गरिएको छ।

# बालेन सरकारको प्रवक्ता शिक्षामन्त्री सस्मित पोखरेल

***काठमाडौं, १३ चैत ।***
नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को नेतृत्वमा गठन भएको १५ सदस्यीय मन्त्रिपरिषद्को पहिलो बैठकले शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्री सस्मित पोखरेललाई सरकारको प्रवक्ता नियुक्त गरेको छ।



शुक्रबार सिंहदरबारस्थित मन्त्रिपरिषद् कार्यालयमा आयोजित बैठकले पोखरेललाई सरकारको आधिकारिक धारणा सार्वजनिक गर्ने र मन्त्रिपरिषद्को निर्णय सञ्चारमाध्यममा पुऱ्याउने जिम्मेवारी सुम्पिएको हो।

१८२ सिटको भारी बहुमतसहित सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारले काठमाडौं-५ बाट निर्वाचित पोखरेललाई विश्वासिलो पात्रका रूपमा चयन गरेको हो। पोखरेलले अब मन्त्रालयको कार्यभारका साथै सरकारको 'मिडिया फेस' को रूपमा काम गर्नेछन्।

मन्त्रिपरिषद्को बैठकले गरेका अन्य महत्वपूर्ण निर्णयहरूबारे प्रवक्ता पोखरेल केही बेरमै औपचारिक रूपमा सार्वजनिक गर्ने तयारीमा छन्।

सोनु सेकुवा कर्नर
पेट्रोल पम्पको ठिक पश्चिमपट्टि
प्रो. पिन्टु भाई
स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य
यहाँ पाइने विशेष परिकारहरु:
– विभिन्न प्रकारका सेकुवा
– लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
– ताजा मासुका खाजा तथा खाना
– स्वादिलो नेपाली खाना
– सफा तथा आरामदायी वातावरण
– परिवार र साथीभाइसँग आउन उपयुक्त
– सुपथ मूल्यमा उत्कृष्ट स्वाद



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।